**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 03.05.2025**

- **Meeting on Vibrant Village**

मंगनका जिल्लाधीश अनन्त जैनको अध्यक्षतामा काबी र मंगन खण्डमा सञ्चालन भइरहेको भाइब्रेन्ट भिलेज कार्यक्रमको प्रगति र निगरानी सम्बन्धमा आज एउटा बैठक बस्यो। मंगनका अतिरिक्त जिल्लाधीश (विकास) डाक्टर सोनाम R लेप्चाको पनि उपस्थिति रहेको बैठकको उद्देश्य चालु विकासीय गतिविधिको आकलन गर्नु, बाधाहरूको पहिचान गर्नु र योजनाअन्तर्गत स्वीकृत परियोजनाहरूको समयमा कार्यान्वयन सुनिश्चित गर्नु थियो। बैठकमा सीमावर्ति गाउँमा टिकाउ विकास लक्ष्य हासिल गर्नमा रहेको अन्तर विभागीय समन्वय र सामुदायिक सहभागिताको महत्त्वमाथि ध्यान केन्द्रित गरियो।

- **----------------------------------------X---------------------------------------- WAVES**

मुख्यमन्त्री प्रेमसिंह तामाङले भारतको जनसांख्यिकीय लाभांश: युवा, देशको भविष्यका सबैभन्दा व्यापक सञ्चालकहरू हुन् भन्ने कुरामाथि विश्वास राख्नुभएको छ। युवा दिमागको अनौंठो ऊर्जा, रचनात्मकता र उद्यमशीलताको भावनालाई दिशा दिएर मुख्यमन्त्री श्री तामाङले सिक्किमको भविष्यको निर्माण गर्नका साथै 2047-सम्ममा प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारत अभियानमा पनि सार्थक योगदान दिइरहनुभएको छ।

एउटा ऐतिहासिक कदम चाल्दै मुख्यमन्त्रीले सिक्किमको पहिलो "क्रिएटर प्रेन्योर नीति"-को घोषणा गर्नुभयो। आफ्ना विभिन्न सम्बोधनमा रचनात्मक अर्थव्यवस्थामाथि प्रकाश पार्दै उहाँले रचनात्मक व्यवसायीहरूका लागि संस्थागत समर्थनको दिशामा एउटा अग्रणी पहल गर्नुभएको छ।
----------------------------------------X----------------------------------------

- **Sikkim Drone-Show**

सोल्ह मई राज्य दिवसको पचासौं वर्षगाँठको अवसरमा गान्तोकमा लगभग पाँच सयवटा ड्रोन आकाशमा उड़ाउने बताइएको छ। यस दिन बेलुका सात बजी आकासमा उड़ाइने ड्रोनबाट मानिसहरूलाई आकाशबाट गान्तोक तथा वरपरको दृश्यावलोकन गराइनेछ। पर्यटन क्षेत्रमा सिक्किमको अद्वितीय विकास र समृद्धि, यहाँको स्थान र हिमालहरूको प्रदर्शन गर्न उड़ाइने ड्रोनको माध्यमबाट राज्यको छहवटै जिल्ला गान्तोक, गेजिङ, नाम्ची, पाकिम, मंगन र सोरेङका समुदायहरूको झलक पनि प्रस्तुत गरिनेछ।

राज्यका प्रख्यात होटलहरूलाई राज्य दिवसको अवसरमा आउने अतिथिहरूलाई मोमो र स्याफाले जस्ता स्थानीय भोजन प्रदान गर्ने सल्लाह दिइएको छ, ताकि उनीहरूले सिक्किमका पारम्परिक खाद्यान्नहरूको स्वादको बारेमा जान्न सकुन्। यसैक्रममा सिक्किम सरकारअधिनस्थ महत्त्वपूर्ण कार्यालयहरूलाई प्रकाशमय बनाउन अनि प्रत्येक होटलको बालकुनेमा राष्ट्रिय झण्डा लगाउन पनि अनुरोध गरिएको छ, ताकि सोल्ह मईको साँझ सिक्किममा रहने सबै मानिसहरूबीच समग्रताको भावना जाग्न सकोस्।

- **----------------------------------------X----------------------------------------Pakyong DAC on DMOM**

पाकिम जिल्ला प्रशासनिक केन्द्रले आपदा तथा कार्यालय प्रबन्धनमाथि चालु प्रशिक्षणको तेस्रो चरणको कार्यक्रम शुरू गरेको छ। डिकलिङ सरकारी वरिष्ठ माध्यमिक विद्यालयको प्रेक्षा गृहमा शुरू भएको यो पहल जिल्लाभरि प्राकृतिक प्रकोपको पूर्वतयारीमा अभिवृद्धि र प्रशासनिक दक्षतामा सुधारको दिशामा व्यापक प्रयासको एक भाग हो।

अघावै सम्पन्न दुई चरणको प्रशिक्षणबाट प्रतिभागीहरूले आपतकालीन प्रतिक्रिया प्रक्रिया र कार्यालय सञ्चालन सम्बन्धी महत्त्वपूर्ण सीपहरू हासिल गरिसकेका छन्।

सोल्ह अप्रेलदेखि कलकत्तास्थित एउटा प्रशिक्षण संस्थानसितको सहकार्यमा जिल्ला प्रशासनद्वारा आयोजित प्रशिक्षण कार्यक्रमको समापन यसै महिनाको एक्काइस तारिक हुनेछ।

यो कार्यक्रम संगठित कार्यालय व्यवस्थापन अभ्यासमार्फत प्रशासनिक दक्षता अभिवृद्धि गर्न र स्थानीय स्तरमा आपदा पूर्वतयारीलाई सुदृढ गर्दै आपातकालिन अवस्थामा प्रभावकारी ढङ्गमा प्रतिक्रिया दिन प्रतिभागीहरूलाई आवश्यक कौशलका साथ सशक्त बनाउन तयार पारिएको हो।

---------------------------------------X---------------------------------------

- **One Day at School**

मालबाँसे सरकारी माध्यमिक विद्यालयमा आज एक दिन विद्यालयमा कार्यक्रम सम्पन्न भयो। सोरेङ जिल्ला प्रशासनिक केन्द्रको पहलमा सम्पन्न कार्यक्रमको उद्देश्य विभिन्न विषयमा विद्यार्थीहरूमाझ जागरूकता बढ़ाउनु हो। खाद्य एवं नागरिक आपूर्ति विभागका प्रतिनिधिहरू उपस्थित रहेको कार्यक्रममा विद्यालयका प्रधानाचार्य, शिक्षण एवं गैर शिक्षक कर्मचारी लगायत कक्ष छहदेखि बाहसम्मका विद्यार्थीहरूले सहभागिता जनाए।

खाद्य एवं नागरिक आपूर्ति विभागका सहायक निदेशक दुष्यन्त धीतालले सार्वजनिक वितरण प्रणाली लगायत यस ऐनअन्तर्गतका विभिन्न योजनाको बारेमा बताउँदै फोर्टिफाइड चामलको महत्त्व र यसको पोषण सम्बन्धी लाभमाथि प्रकाश पार्नुभयो।

यस अवसरमा विद्यार्थीहरूलाई खाद्य सुरक्षा, उपभोक्ता अधिकार र जन वितरण नीति आदि जस्ता विषयमा जागरूक गराइयो।

---------------------------------------X---------------------------------------

- **Central Agricultural Minister**

केन्द्रिय कृषि तथा किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले हालै नयाँ दिल्लीमा देशभरिका कृषि विज्ञान केन्द्रहरूसित भर्चुअल संवाद गर्नुभयो।

उहाँले भन्नुभयो, यी केन्द्रहरूले कृषिमा क्रान्तिकारी परिवर्तन ल्याउन सक्छन्। श्री चौहानले खरीफ फसल लगाउनअघि सबै केन्द्र र ICAR-ले राज्य सरकारहरूसँग मिलेर किसान जागरूकता अभियान चलाउनुपर्ने बताउनुभयो। कृषि मन्त्रीले प्राकृतिक खेती, किसानहरूको हितमा पानी संरक्षणलाई ध्यानमा राखेर उत्पादकत्व बढाउनमाथि पनि जोड दिनुभयो।

---------------------------------------X---------------------------------------

- **Sikkim Glamour World**

सिक्किमका तीन छोरीले जूनको अन्तिम सप्ताहमा सम्पन्न हुने Miss Grand India 2025-मा राज्यलाई प्रतिनिधित्व गर्ने भएका छन्। एउटा प्रतिष्ठानले नयाँ दिल्लीमा आयोजन गर्ने प्रतियोगितामा सहभागिता जनाइरहेका राज्यका प्रतिभागीहरूमा साक्षी प्रधान, आस्था प्रधान र प्रसान्ती शर्मा रहेका छन्। उनीहरूले राष्ट्रिय मञ्चमा देशभरिका प्रतिभागीहरूसित प्रतिस्पर्धा गर्नेछन्। यस अवसरमा उनीहरूले सिक्किमको संस्कृती प्रस्तुत गर्नेछन्।

---------------------------------------X---------------------------------------